तर, कायम मुकायम महालेखा परीक्षक भई कार्य भार सह्मालेको कारणले यो ऐन, बमोजिमको पेन्सन, उप-दान वा पारिवारिक पेन्सनमा निजको दावी पुग्न सक्ने छैन ।

६. खारेजीः– महालेखा परीक्षकको पारिश्रमिक सेवाको शर्त तथा पदावधि नियमहरू, २०२२ खारेज गरिएको छ ।

लालमोहर सदर मिति २०२३।५।२४।६

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र बीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२३ सालको ऐन नं. ८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र बीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### खाद्य पदार्थमा विशुद्धता कायम राख्न बनेको ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको स्वास्थ्य तथा सुविधा कायम राख्न खाद्य पदार्थमा कुनै अवाञ्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वाभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न र खाद्य पदार्थको उचितस्तर बनाई राख्नको निमित्त कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२०

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "खाद्य ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकी दिएको क्षेत्रमा तोकी दिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "खाद्य पदार्थ" भन्नाले साधारणतः मानिसले खाने पिउने चीज वा चीजहरूका संमिश्रणबाट बनेको अरू कुनै खाने पिउने चीज सम्झनु पर्छ र यस शब्दले खाने पिउने चीजमा प्रयोग गरिने मरमसला, रङ्ग र सुगन्धलाई समेत जनाउँछ ।

(ख) "दूषित खाद्य पदार्थ" भन्नाले देहायको कुनै अवस्थाको खाद्य पदार्थ सम्झनु पर्छः–

(१) दफा ७ बमोजिम निर्धारित गरिएकोस्तर भन्दा कमसल हुने गरी प्रमुख अङ्गको परिमाण घटाईएको वा अर्को कुनै पदार्थ सम्मिश्रण गरिएको खाद्य पदार्थ,

(२) स्वास्थ्यलाई हानिकारक हुने गरी सडेको, गलेको वा फोहर मैला वा विषादि अवस्थामा राखिएको वा तैयार गरिएको खाद्य पदार्थ,

(३) केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशु, पंक्षी वा हानिकारक वनस्पतिबाट बनेको खाद्य पदार्थ,

(४) यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशमा तोकिएको न्यूनतम आवश्यक गुणस्तर भन्दा घटेको वा अधिकतम गुणस्तर तोकिएकोमा सो भन्दा बढेको खाद्य पदार्थ ।

(ग) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. दूषित खाद्य पदार्थको उत्पादन तथा बिक्री वितरणमा मनाहीः– कुनै व्यक्तिले दूषित खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न वा सो मध्ये कुनै कामको लागि दूषित खाद्य पदार्थ राख्न हुँदैन ।

४. ढांटी झुक्याई खाद्य पदार्थ बिक्री गर्न नहुनेः– कसैले कुनै खाद्य पदार्थलाई अर्को कुनै खाद्य पदार्थ हो भनी वा कुनै निम्नस्तरको खाद्य पदार्थलाई माथिल्लोस्तरको खाद्य पदार्थ हो भनी ढांटी वा झुक्याई बिक्री वा वितरण गर्न हुँदैन ।

429

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. दण्ड सजायः– (१) यस ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लंघन गर्ने व्यक्तिलाई पहिला पटक रू. ५००।– पांचसयदेखि रू. १,०००।– एक हजारसम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुवै र दोस्रो पटकदेखि प्रत्येक पटक रू. १,०००।– एक हजारदेखि रू. २,०००।– दुइ हजारसम्म जरिवाना वा ६ महीनादेखि ३ वर्षसम्म कैद वा दुवै हुनसक्ने छ।

(२) उप–दफा (१) बमोजिम सजाय पाउने व्यक्तिको हक वा अधिनमा रहेको दूषित खाद्य पदार्थ समेत जफत भै श्री ५ को सरकार लाग्ने छ।

६. फर्म वा संगठित संस्थाले गरेको अपराधको दायित्वः– कुनै फर्म वा संगठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेश उल्लंघन गरेमा फर्मको हकमा सो फर्मका हिस्सेदार र कुनै संगठित संस्था भए सो संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी दफा ५ को उप–दफा (१) को प्रयोजनको लागि सजायको भागी हुनेछ।

तर, आफु हिस्सेदार वा त्यस्तो प्रशासकीय अधिकारी हुनु भन्दा अगावै गरेको काम कुराका हकमा वा सो उल्लंघन भएको कुरा थाहा पाउन नसक्ने स्थिति थियो भन्ने प्रमाणित गरेमा सो व्यक्ति त्यस्तो सजायको भागी हुने छैन।

७. खाद्य पदार्थको गुण, स्तर तोक्ने अधिकारः– कुनै खाद्य पदार्थमा कुनै पदार्थको गुण स्तर वा मात्रा कुन परिधिभित्रको हुनु पर्दछ भन्ने कुराका सम्बन्धमा श्री ५ को सरकारले समय समयमा आदेश दिन सक्नेछ। यस्तो प्रत्येक आदेश नेपाल गजेटमा प्रकाशित गरिने छ।

८. खाद्य पदार्थको जांचः– कुनै खाद्य पदार्थ दूषित खाद्य पदार्थ हो वा होईन भन्ने कुराको परीक्षण तोकिएको अनुसन्धान शालामा गराइने छ र त्यस सम्बन्धमा सो अनुसन्धान शालाको तोकिएको अधिकारी वा अधिकारीहरूबाट रिपोर्ट लिइने छ।

९. खाद्य स्तर निर्धारण समितिः– श्री ५ को सरकारले समय समयमा खाद्यको स्तर निर्धारण गर्न नौ जनासम्म व्यक्तिहरूको एउटा खाद्य स्तर निर्धारण समिति गठन गर्न सक्ने छ।

१०. श्री ५ को सरकार वादी हुनेः– यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकारवादी भै चलाइने छ।

११. मुद्दा हेर्ने अधिकारीः– यस ऐन अन्तर्गतको मुद्दा मामिलाको शुरू कारवाही र किनारा गर्ने अधिकार अञ्चलाधीशलाई हुनेछ।

१२. अपीलः– अञ्चलाधीशले गरेको निर्णयमा चित्त नबुझ्नेले सो निर्णय भएको मितिले ३५ दिनभित्र अञ्चल अदालतमा अपील गर्न सक्नेछ।

१३. नियम बनाउन सक्नेः– (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्ने छ।

आधिकारिकता ४२२ विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमहरूमा खास गरेर देहायको व्यवस्था गर्न सकिने छ ।

(क) खाद्य अनुसन्धान शाला, त्यसको कार्य विधि र अनुसन्धान शालाको विशेषज्ञ वा अधिकारीको योग्यताका सम्बन्धमा,

(ख) खाद्य जांचकीको व्यवस्था तथा निजको अधिकार र कर्तव्यका सम्बन्धमा,

(ग) खाद्य स्तर निर्धारण समितिको काम, कर्तव्य, अधिकार, दायित्व तथा अरू कार्यविधि सम्बन्धमा,

(घ) नेपाल अधिराज्यभित्र उत्पादन हुने कुनै खाद्य पदार्थका उत्पादन वा बिक्रेताले सो खाद्य पदार्थमा कुनै खास किसिमको लेबुल लगाउने सम्बन्धमा ।

(ङ) खाद्य पदार्थमा रङ्ग, सुगन्ध, मरमसला वा अरू कुनै चीज सम्मिश्रण गर्न पाउने हद तोक्ने सम्बन्धमा,

(च) खाद्य पदार्थको उचित स्तर कायम राख्न अपनाउनु पर्ने अन्य आवश्यक व्यवस्थाका सम्बन्धमा ।

लालमोहर सदर मिति २०२३।५।२४।६

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२२